## VISA Debit Card छपाई तथा आपुर्ति कार्यको सिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी सूचना

(प्रकाशित मिति २०७३/०४/३१)

यस बैंकको लागि आवश्यक **५०** हजार थान **VISA Debit Card** सिलबन्दी दरभाउपत्रको माध्यमबाट छपाई तथा आपुर्ति गर्नुपर्ने भएको हुंदा उक्त कार्ड छपाई तथा आपूर्ति गर्न **VISA** बाट मान्यता प्राप्त प्रिन्टिङ्ग प्रेसहरुलाई निम्न शर्तहरुको अधीनमा रही तोकिएको म्यादभित्र विभाग समक्ष सिलबन्दी दरभाउपत्र पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ ।

शर्तहरु:

१) यस बैंकको थापाथली स्थित शाखा कार्यालयमा आम्दानी अन्य शीर्षकको हिसाब नं **९५९९०२०००** मा सिलबन्दी दरभाउपत्र दस्तुर बापत फिर्ता नहुने गरी रु. **५००/-** (अक्षरेपी रु.पाँच सय) मात्र जम्मा गरी सक्कल अर्धकट्टी भौचर यस विभागमा पेश गरेपछि उल्लेखित छपाई कार्य सम्बन्धी सिलबन्दी दरभाउपत्र कागजात प्राप्त गर्न सकिनेछ । उक्त सिलबन्दी दरभाउपत्र कागजात यो सूचना प्रथम पटक प्रकासित भएको मितिले **१५औं** दिन अर्थात **भाद्र १३, २०७३ (August 29, 2016)** गतेको कार्यालय समय भित्र खरिद गरिसक्नु पर्नेछ र **१६ औं** दिन अर्थात **भाद्र १४, २०७३ (August 30, 2016)** गते दिनको **१२:०० बजे** सम्ममा सिलबन्दी दरभाउपत्र दाखिला गरिसक्नु पर्नेछ सोही दिन दिनको **२:०० बजे** सिलबन्दी दरभाउपत्रदाता वा नीजको प्रतिनिधिको रोहवरमा यस विभागमा खोलिनेछ । तर नीजहरुको अनुपस्थितिमा समेत सिलबन्दी दरभाउपत्र खोल्न कुनै बाधा पर्ने छैन ।

२) सिलबन्दी दरभाउपत्र दर्ता गर्ने वा खोल्ने अन्तिम दिन बिदा परेमा सो को लगत्तै कार्यालय खुलेको दिन उपरोक्त बमोजिमको समयमा नै सिलबन्दी दरभाउपत्र दर्ता वा खोल्ने कार्य हुनेछ । म्याद नाघी वा रीत नपुगी दाखिला भएको सिलबन्दी दरभाउपत्र उपर कुनै कारवाही हुने छैन ।

३) विदेशी कम्पनी।फर्मको तर्फबाट नेपाली फर्मले सिलबन्दी दरभाउ पेश गर्दा नेपाली फर्मको निम्नानुसारको कागजातहरु नोटरी पब्लिकबाट प्रमाणित गरि सिलबन्दी दरभाउपत्रका साथ पेश गर्नुपर्नेछ ।

- **कम्पनी** वा **साझेदारी फर्म** वा **फर्म**हरुको **दर्ता प्रमाणपत्र**, **VAT/PAN दर्ता प्रमाणपत्र**
- आ.व.२०७२/७३ को कर चुक्ता भएको भए सो र नभएमा आ.व.२०७१/७२ को **कर चुक्ता प्रमाणपत्र**
- **कम्पनी (प्रा.लि./लि.)**को हकमा प्रवन्धपत्र, नियमावली, अध्यावधिक गरेको शेयर दर्ता कितावको श्रेष्ता, प्रोप्राईटर, साझेदार, सञ्चालकहरुको नागरिकताको प्रमाणपत्र
- **साझेदारी फर्मको** हकमा साझेदारहरु बीचको सहमति पत्र
- विगत तीन आर्थिक वर्षको लेखा परीक्षण गरिएको **नाफा नोक्सान** तथा **वासलात**को विवरण

यसका साथै विदेशी फर्मको तपसिलका कागजातहरु समेत नोटरी पब्लिकबाट प्रमाणित गरि सिलबन्दी दरभाउपत्रका साथ पेश गर्नुपर्नेछ ।

- विदेशी कम्पनी|फर्मले नेपाली कम्पनी|फर्मलाई सिलबन्दी दरभाउपत्र सम्बन्धी सम्पूर्ण कार्य गर्न सक्ने गरी अख्तियारी प्रदान गरेको पत्र
- विदेशी कम्पनीको फर्म दर्ता प्रमाणपत्र एवम सम्बन्धित देशमा पछिल्लो आर्थिक वर्षको कर चुक्ता गरेको प्रमाणपत्र
- **VISA** बाट **Debit Card** मुद्रण गर्न अनुमति प्रदान गरिएको प्रमाण पत्र

४) सिलबन्दी दरभाउपत्रदाताले खरीद कारवाहीमा भाग लिन अयोग्य नभएको, स्वार्थ नबाँझिएको र पेशा वा व्यवसाय सम्बन्धी कसूरमा आफुले सजायँ नपाएको भनी लिखित रुपमा **स्वयम घोषणा गरिएको पत्र (Self Declaration letter)** समेत पेश गनु गर्नुपर्नेछ ।

५) **कम्पनी/साझेदारी** फर्मको हकमा सिलबन्दी दरभाउपत्रमा भाग लिने निर्णय तथा सो सम्बन्धी सम्पूर्ण काम कारवाही गर्ने व्यक्तिलाई अख्तियारी प्रदान गरिएको व्यहोराको **सञ्चालक समितिको निर्णय/सबै साझेदारहरुले सहमति पदान गरेको पत्र** अनिवार्य रुपमा सिलबन्दी दरभाउपत्रका साथ पेश गर्नुपर्नेछ ।

६) विदेशी फर्मको तर्फबाट स्थानीय एजेन्टले समेत सिलबन्दी दरभाउपत्र पेश गर्न सक्नेछ र स्थानीय एजेन्ट मार्फत सिलबन्दी दरभाउपत्र पेश गर्दा सिलबन्दी दरभाउपत्र कागजातमा उल्लेख भए बमोजिम एजेन्ट सम्बन्धी सबै विवरणहरु सिलबन्दी दरभाउपत्रसाथ पेश गर्नुपर्नेछ ।

७) खरिद गरिएका सिलबन्दी दरभाउपत्र कागजातको प्रत्येक महलहरु स्पष्ट रुपमा भरी प्रत्येक पानामा सिलबन्दी दरभाउपत्रदाता आफैले वा सिलबन्दी दरभाउपत्रदाताको अधिकार प्राप्त व्यक्तिले सहीछाप गर्नुपर्नेछ । खरिद गरिएका सिलबन्दी दरभाउपत्र कागजातको प्रत्येक महलहरु स्पष्ट रुपमा भरी प्रत्येक पानामा सिलबन्दी दरभाउपत्रदाता आफैले वा सिलबन्दी दरभाउपत्रदाताको अधिकार प्राप्त व्यक्तिले सहीछाप गर्नुपर्नेछ ।

८) सिलबन्दी दरभाउपत्र पेश गर्दा आफूले कबोल गरेको कुल रकमको **५%** बराबरको सिलबन्दी दरभाउपत्र जमानत वापतको रकम बैंकको अर्नेष्ट मनी शीर्षकको हिसाव नं **९१६१२००००** मा जम्मा गरेको सक्कल अर्धकट्टी भौचर वा सो बराबरको मान्यता प्राप्त "क" श्रेणीको वाणिज्य बैंक (यस बैंक बाहेक) बाट सिलबन्दी दरभाउपत्र पेश गर्ने अन्तिम मिति देखि गणना हुने गरी कम्तीमा **७५ दिन** अवधिको सिलबन्दी दरभाउपत्र जमानत (बिड सेक्यूरिटी/बैंक ग्यारेण्टी) अनिवार्य रुपमा पेश गर्नु पर्नेछ । सिलबन्दी दरभाउपत्रको मान्य अवधि सिलबन्दी दरभाउपत्र पेश गर्ने अन्तिम मितिबाट गणना हुने गरि **४५** दिनको हुनेछ । बिदेशी बैंकले जारी गरेको सिलबन्दी दरभाउपत्र जमानत नेपाल भित्रको कुनै पनि क श्रेणीको वाणिज्य बैंकले प्रति प्रत्याभूति (काउन्टर ग्यारेन्टी) गरेको हुनुपर्नेछ |

९) सिलबन्दी दरभाउपत्र अंक र अक्षरमा स्पष्ट लेखिएको हुनु पर्नेछ । केरमेट भएको हुनु हुँदैन । कथंकदाचित् अंक र अक्षरमा फरक देखिएमा अक्षरलाई मान्यता दिइनेछ । कुनै शर्त राखेको वा दररेट सम्बन्धि अधुरो रहेको सिलबन्दी दरभाउपत्र स्वतः रद्द हुनेछ ।

१०) घटी वा बढी रकमको सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा अस्वीकृत गर्ने आदि सम्पूर्ण अधिकार यस बैंकमा नै सुरक्षित रहनेछ ।

११) सिलबन्दी दरभाउपत्र स्वीकृत भएपछि सम्झौता गर्नु अगाडि सिलबन्दी दरभाउपत्रदाताले खरिद सम्झौता रकमको **१० प्रतिशत** बराबरको नगद धरौटी खातामा जम्मा गरेको अर्धकट्टी भौचर वा सो बराबरको सिलबन्दी दरभाउपत्र कागजातमा उल्लेख भए अनुसारको अवधिको परफरमेन्स ग्यारेण्टी (बैंक ग्यारेण्टी) पेश गरिसकेपछि मात्र सम्झौता गरी खरिद आदेश दिईनेछ ।

१२) नेपाल सरकारको नियमानुसार लाग्ने कर, अन्य प्रचलित कर बिलबाट कटाई बाँकी रकम भुक्तानी दिइनेछ ।

१३) यो सूचनामा छुट हुन गएका अन्य शर्त एव विषयहरु सिलबन्दी दरभाउपत्र कागजातमा उल्लेख भए अनुसार एवम यस बैंकको आर्थिक प्रशासन विनियमावली २०६८ तथा खरिद ऐन २०६३ अनुरुप हुनेछ । यस सम्बन्धमा कुनै कुरा बुझ्न परेमा कार्यालय खुलेको दिन कार्यालय समय भित्र यस कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।

राष्ट्रिय वाणिज्य बैंक लि.
RASTRIYA BANIJYA BANK LTD.
...तपाईंको आफ्नै बैंक

**राष्ट्रिय वाणिज्य बैंक लि.**
**केन्द्रीय कार्यालय**
**सामान्य सेवा विभाग**